# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नगर स्वास्थ्य शाखा
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश

प. सं २०७८/७९(स्वास्थ्य) मितिः २०७९।२।९
च.नं.: २५४३

बिषयः कोभिड-१९ विरुद्धको बुस्टर खोप अभियान सञ्चालन सम्बन्धमा ।

श्री सवै स्वास्थ्य संस्थाहरु
कोहलपुर नगरपालिका बाँके।

उपरोक्त सम्बन्धमा स्वास्थ्य कार्यालय बाँकेको मिति २०७९/०२/६, च.न ५२३ को प्राप्त पत्रानुसार कोभिड १९ रोगथाम तथा नियन्त्रको लागी कोभिड१९ विरुद्धको खोप अभियानलाई तिव्रता दिदै पहिलो श्रृखला पुरा गरेको ३ महिना पछि सवै नागरिकलाई १ मात्रा बुस्टर खोप अनिवार्य दिनु पर्ने र सोको लागी नेपाल सरकारबाट प्राप्त खोपको व्यवस्था गरेको व्यहोरा अनुरोध छ ।

तत् सम्बन्धमा १८ बर्ष माथीका व्यक्तिहरुलाई बुस्टर खोप दिन तथा कोभिड १९ विरुद्धको पहिलो श्रृखला छुट भएका जनसंख्यालाई खोप उपलव्ध बनाउन देशै भरि सघन रुपमा अभियान सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत यस कोहलपुर नगरपालिकाका १५ वटै स्वास्थ्य संस्थाहरुबाट मिति २०७९जेष्ठ १० गते देखि १२ गतेसम्म अभियान सञ्चालन हुने हुदाँ तपसिलमा उल्लेख भए अनुसार गर्न गराउन हुन अनुरोध छ।

तपसिलः

१ कोभिड-१९ विरुद्धको खोपको पहिलो श्रृखला पुरा गरेको ३ महिना पछि सबै नागरिकलाई १ मात्रा बुस्टर खोप अनिवार्य दिनुहुन।

२ कोभिड-१९ विरुद्धको खोपको पहिलो श्रृखलाको मात्रा पहिलो र दोस्रो मात्रा लगाएको ३ महिना पुरा भएका नागरिकहरुलाई त्यहाँ उपलव्ध भएको Pfiger खोप उपलब्ध गराउनुहुन Pfiger खोप सकिए पछि कोभिसिल्ड खोप प्रदान गर्नुहुन।

३ कोभिड १९ विरुद्धको खोप लिन आउदा उमेर खुल्ने परिचय पत्र नहुने व्यक्तिहरुको सन्दर्भमा ति व्यक्ति स्वयम् वा निजको अभिभावकले खोप लिने व्यक्तिको परिचय र उमेर सो घोषणा गरेकोलाई आधार बनाई तथा खोप कार्ड हराएको भएमा समेत सहज ढंगबाट खोप कार्डमा सहजिकरण गरि खोप सेवा प्रदान गर्नुहुन।

४ प्रतिवेदन प्रत्येक दिन सांझ ५ बजे भित्र र DHIS-2 मा इन्ट्री गर्नुहुन ।

बोधार्थः
श्री सबै वडा कार्यालय कोहलपुर नगरपालिका बाँकेः सुचना प्रवाह गरिदिनुहुन।

०६।२।१३

टिकाराम ढकाल
प्रमुख प्रशासकिय अधिकृत
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

" हरित संगमस्थल हाम्रो शहर , सुन्दर समृद्ध कोहलपुर नगर "

वेब साइट : www.kohalpurmun.gov.npई-मेल : kohalpurmun@gmail.comफोन नं. ०८१-५४०००९